# मुसहर तथा डोम समुदायको लागि स्वास्थ्य बीमा गरियो

**सिम्रिक सम्वाददाता**

**उदयपुर, ९ असार**

कटारी नगरपालिका वडा नम्बर ४ का विपन्न मुसहर र डोम समुदायको घरपरिवारको घरमै पुगेर निःशुल्क स्वास्थ्य बीमा गरिएको छ । शनिबार सम्ममा वडाका १९ मुसहर र ११ डोम समुदायको गरी ३० विपन्न परिवारको निशुल्क स्वास्थ्य बीमा गरिएको कटारी अस्पत्तालका स्वास्थ्य बीमाको सहजिकरण गर्दै आएका कर्ण राईले बताउनुभयो ।

नेपाल सरकारको स्वास्थ्य बीमा वोर्ड अर्न्तगत विपन्न परिवारलाई निशुल्क स्वास्थ्य बीमा गरिदिएर सहज र सहुलियत रूपमा उपचारका पहुँच पुराउने उद्येश्य भएपनि मुसहर र डोम समुदायले यसको बारेमा जानकारी नपाउँदा सेवा लिन नसकेकाले घरमै गएर जानकारी सहित बीमा गरिदिएको पनि सहजकर्ता राईले बताउनुभयो । "केहि पर्दा उपचार गर्ने पैसा मुसहर र डोमसँग हुँदैन यो सरकारी सेवाको पहुँचमा पुराए कम्तीमा वर्षमा १ लाख सम्मको उपचार सरकाले गरिदिन्छ ।"राईले भन्नुभयो "उपचारका लागि गुहार मागिहिंड्छन यति गरेपछी सरकारले उपचार सेवा दिन्छ ।" बीमाका बारेमा कुनै पनि जानकारी नभएकाले विरामीहुँदा घरमै वस्ने गरेको बताउँदै कटारी ४ मुसहर टोलका भरत मुसहरले अब भने विरामी परे अस्पत्ताल जाने बताउनुभयो । "हामीलाई केहि थाहा नै थिएन् , अस्पत्ताल जान पैसा हुँदैन थियो , निशुल्क उपचार पनि पाईने बल्ल थाहा भयो ।"भरत मुसहरले शनिबार ६ परिवारका सदस्य सहितको स्वास्थ्य बीमा गराउनुभयो ।७ परिवारका सदस्य वुद्धि मुसहरले पनि बल्ल सेवा बारे थाहा पाएको बताउँदै आगामी दिनमा उपचारका लागि अस्पत्ताल जाने बताउनुभयो । ६ परिवारका स्वास्थ्य बीमा गरिदिएपछी भलवा मुसहरले अस्पत्ताल जाने बाटो खुलेको बताउनुभयो । "पैसा विना पनि उपचार हुने रहेछ बल्ल थाहा भयो ।"उहाँले भन्नुभयो ।

वडाध्यक्ष तथा कटारी अस्पत्ताल विकास समितिका अध्यक्ष समेत रहेका भूपेश तामाङ्गले वडामा रहेका लगभग चालिस पचास घर विपन्न परिवारका मुसहर , डोम समुदायको स्वास्थ्य बीमा गराईरहेको बताउँदै आगामी वर्ष बजेट नै छुट्टाएर सवैलाई बीमाको पहुँचमा पुराउने बताउनुभयो । वडाका बीमा दर्ता सहयोगी सानुमाया तामाङ्गले स्वास्थ्य बीमा वोर्डका मापदण्ड अनुसार उनीहरूको बीमा गरिदिनुभयो ।

नेपाल सरकार स्वास्थ्य बीमा बोर्डका अनुसार विपन्न , जेष्ठ नागरिक , क वर्गको अपाङ्गता भएका , कुष्ठरोग , एजआईभी पोजिटिभ, टिवी लगायतका विरामीलाई निशुल्क एकपटक बीमा गरेपछी सँधैका लागि वर्षेनी १ लाख बराबरको उपचार सेवा निशुल्क गर्ने गरेको छ । त्यसैगरी अन्यको हकमा भने प्रतिपरिवार ५ सदस्यकाका लागि वर्षको ३ हजार ५ सय र थप परिवार सदस्य ७ सयले वीमा गरिदिए थप एक लाखमा बीस हजार बराबरको उपचार सेवा निःशुल्क पाईने छ ।सरकारले तोकेका सरकारी अस्पत्तालहरूले स्वास्थ्य बीमा कार्ड देखाएपछी निशुल्क उपचार गर्ने गरेको छ ।बीमा बारे जानकारी नभएकाहरूलाई घरमै पुगेर बीमा गरिदिए अप्ठ्यारोमा परेकावेला स्थानीय निकायसम्म सहयोग माग्न आउनेहरूलाई उपचारमा सहज होस भन्ने उद्येश्यले बीमा गरिदिएको वडाध्यक्ष तामाङ्गले बताए । कटारीमा बीमा गराएकाले कटारी अस्पत्ताल र यहाँबाट रेफर गरेका अस्पत्ताहरूमा निशुल्क एक लाख सम्मको उपचार सेवा पाउनेछन् ।

## कटारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर

**वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुन:एकीकरण (रेमी) परियोजनाका लागि आवश्यक जनशक्तिहरु करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

*(दोस्रो पटक प्रकाशित मिति २०८०।०३।१० )*

रेमी परियोजना अन्तर्गत कटारी नगरपालिकामा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको सामाजिक र आर्थिक पुन:एकीकरण सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि ७ (सात) दिन भित्र माग बमोजिमका विवरण अनुसारको निवेदन यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:**

| क्र. सं. | पद | तह | संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | परिवार परामर्शकर्ता | छैठौं | खुलाः १ | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्क, पब्लिक हेल्थ, बि .एड .स्वास्थ्य शिक्षामा स्नातक तह उत्तिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ वा हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको।<br>- सम्बन्धित विषयमा कार्य अनुभव भएको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |
| २ | रोजगार परामर्शकर्ता | छैठौं | खुलाः १ | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तिर्ण गरी व्यावसायिक परामर्श कार्य वा उद्यम विकास सहजकर्ताले लेभल २ वा सो भन्दा माथिल्लो लेभल पुरा गरेको र रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तीमा पनि १ वर्ष कार्य गरेको।<br>-वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |
| ३ | सामाजिक परिचालक | पाँचौं | खुला:१<br>महिला:१ | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ उत्तिर्ण गरेको।<br>- वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |

(1) **कार्य अवधि**: हाललाई आ. व. २०७९/०८० को मसान्त सम्म, परियोजनाको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्ने छ।

(2) **परीक्षाको किसिम:** लिखित, अन्तर्वार्ता र प्रयोगात्मक। (छनौट परीक्षामा सुरक्षित वैदेशिक रोजगारी, सामाजिक तथा आर्थिक पुन:एकीकरण लगायतका विषयवस्तुहरु समावेश हुनेछन।)

(3) **आवश्यक कागजातहरु र दरखास्त दिने स्थान** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, कम्तीमा पनि २ जना सन्दर्भ व्यक्तिको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, पासपोर्ट साईजको दुई प्रति फोटो, परिवार परामर्शकर्ताको हकमा छ महिनाको तालिम प्रमाणपत्र, रोजगार परामर्शकर्ताको हकमा उद्यम विकास सहजकर्ता लेभल २ उतीर्ण गरेको प्रमाणको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई कटारी नगर कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र निवेदन सहित पेश गर्नु पर्नेछ। तोकिएको समय भन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

(4) **छनौट प्रक्रिया** : प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिनेछ । अवसरबाट वन्चितीकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशिकरणका लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्वन गरिनेछ।

(5) **दरखास्त दिने अन्तिम मिति**: २०८०।०३।१६ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिनेछ।

(6) **दरखास्त दस्तुर**: परिवार परामर्शकर्ता र रोजगार परामर्शकर्ता पदको दरखास्त दस्तुर रु. १२००।– (एक हजार दुई सय) बुझाउनु पर्नेछ । सामाजिक परिचालक पदको दरखास्त दस्तुर रु. ६००।– (छ सय) बुझाउनु पर्नेछ।

(7) **तलब तथा अन्य सुविधा** : परियोजनाको नियम अनुसार हुनेछ।

***प्रमुख प्रशासकीय अधिकृत***

दिपक तथा श्रृद्धि सिद्धि ज्वेलर्स
यहाँ बिना रसायन पारम्परिक र आधुनिक दुवै किसिमको गरगहना ग्राहकको अर्डर बमोजिम बनाउनुका साथै उचित मूल्यमा खरिद-विक्री गरिन्छ ।
साथै दिपक भाडा पसल
यहा कुकर, फिल्टर, राईस कुकर, काशका थाल, बोटुका, स्टीलका भाडाकुडा, पितलका खड्कुला,तामाका गाग्री,सिल्वरका भाडा आदी सुपथ मुल्यमा विक्री गरिन्छ ।
प्रोपाईटर : दिपक सोनी
सम्पर्क नं.-०३५-४२०३०२
स्थान : त्रियुगा नगरपालिका ११ गाईघाट, उदयपुर










CamScanner